आज मिति २०८१ साल पौष ३ गते बुधबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८१/८२ को छैठौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थिति:**

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका- २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका- ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका- ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका- ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित**

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

विपद सम्पर्क व्यक्ति श्री भुवनराज ढुंगाना

क.अ. श्री विष्णु देवकोटा

MIS operator, [illegible]

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. विश्व हिन्दु महासंघ जिल्ला शाखा रसुवा सँग कार्यक्रम सम्झौता सम्बन्धमा ।
३. कालिका गाउँपालिकाको १६ औं गाउँसभाको हिउँदे अधिवेशन आव्हान गर्ने सम्बन्धमा ।
४. कालिका-१ त्रिशुली नदि किनारामा रहेको निजी जग्गाको नदिजन्य पदार्थको विक्री वितरण अनुमती सम्बन्धमा ।
५. IEE गर्न प्रस्ताव आव्हान गर्ने सम्बन्धमा ।
६. विपद् सहायता तथा आर्थिक सहायता सम्बन्धमा ।
७. घ वर्गको निर्माण व्यवसाय ईजाजत सम्बन्धमा ।
८. क्यान्टिन निर्माण सम्बन्धमा ।
९. फोहरमैला व्यवस्थापन सम्बन्धमा ।
१०. जिवजिवे ग्रामीण अस्पतालको भेरियसन अडर सम्बन्धमा ।
११. विद्यालयका कार्यालय सहयोगीहरुलाई अवकाश पश्चात सम्मान गर्ने सम्बन्धमा ।
१२. खानेपानी योजनाहरुको म्याद थप तथा समयमै काम नगर्ने निर्माण व्यवसायीलाई कारवाही प्रक्रिया सम्बन्धमा ।
१३. जिवजिवे ग्रामिण अस्पताल व्यवस्थापन समितिको निर्णय सम्बन्धमा ।
१४. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिकाको मिति २०८१।०८।०५ गते बसेको आ.व. २०८१/०८२ को पाँचौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयको समिक्षा गर्दा निर्णयहरु अधिकांश कार्यान्वयन भएको पाईयो ।

**निर्णय नं. २**

कालिका गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्विकृत कार्यक्रम ऐतिहाँसिक तथा धार्मिक महत्वका स्थल तथा केन्द्रहरुको अभिलेखिकरण शिर्षकमा विनियोजित बजेट रु.१५,०,०००।– को कार्यान्वयनका लागि विश्व हिन्दु महासंघ नेपाल जिल्ला कार्य समिति रसुवाबाट प्रस्तावना सहित कार्यक्रम सम्झौताका लागि पेश भएको सन्दर्भमा छलफल हुँदा उल्लेखित कार्यक्रम संचालनका लागि विश्व हिन्दु महासंघ नेपाल जिल्ला कार्य समिति रसुवा सँग सम्झौता गरी कार्यदिश दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कालिका गाउँपालिकाको १६ औं गाउँसभाको हिउँदे अधिवेशन तपशिलको मिति स्थान र समयमा संचालन हुने गरी आवश्यक प्रवन्ध मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

मिति : २०८१/०९/२५ गते विहिबार
स्थान : कालिका गाउँपालिका कार्यालयको सभा हल कालिका-२ धैवुङ रसुवा ।
समय : विहान ११:०० बजे

**निर्णय नं. ४**

कालिका गाउँपालिका वडा नं. १ को त्रिशुली नदि किनारा गुम्चेत र बाँदरे क्षेत्रका निजी जग्गा धनीहरुले आफ्नो निजी जग्गामा त्रिशुली नदिले वर्षातको समयमा ल्याई थुपारेको नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा तथा माटो उत्खन्न गरी विक्री वितरण गर्न अनुमती सहित गाउँपालिकालाई बुझाउने राजश्वको लागि राजश्व संकलन रसिद उपलब्ध गराईपाउँ भनी दिएको निवेदन सन्दर्भमा छलफल गर्दा उक्त क्षेत्रबाट नदिजन्य पदार्थ संकलन तथा विक्री वितरणका लागि ठेक्का निकाल्न गाउँपालिकाबाट प्रारम्भिक वातावरणीय अध्ययन गराउने प्रक्रिया सुरु भएको र सो कार्य गर्न गराउन समय लाग्ने भएकाले तत्कालै ठेक्का लगाउने सम्भावना नभएकाले लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयको पुर्जीलाई आधारमानी नदिजन्य पदार्थ उत्खनन् गरी संकलन गरेर विक्री वितरण गर्ने गरी नियमानुसार अनुमती उपलब्ध गराई राजश्व संकलन हुने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

कालिका गाउँपालिकाको वडा नं. १ को त्रिशुली नदि किनाराको गुम्चेत देखि बाँदरे सम्मको क्षेत्र र वडा नं. ३ र ४ को फलाखु खोला नदि किनारा पाखा खोला देखि वेलकोटे भन्ने स्थान सम्मको क्षेत्रबाट नदिजन्य पदार्थ ढुंगा गिट्टी वालुवा माटो उत्खनन् गरी बिक्री वितरण गर्न गाउँपालिकाबाट एकमुष्ठ ठेक्का प्रकाशन गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गराउन योग्यता पुगेका गाउँपालिकामा सूचिकृत भएका फर्म वा कम्पनी/परामर्श दाताहरुका लागि ७ दिनको समय दिएर आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्ने र उल्लेखित समय सिमा भित्र प्रस्ताव पेश गर्ने फर्म/कम्पनी/परामर्शदाताहरुको प्रस्ताव मुल्याङ्कन गरी सारभुत रुपमा प्रभावग्राही फर्म/कम्पनी/परामर्शदाता लाई सम्झौता गरी कार्यदेश दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६

कालिका गाउँपालिकाको वडा नं. १ को ग्राङमा मिति २०८१/०८/१३ गते राती विद्युत सर्ट भै भएको आगलागीबाट छिरिङ पेम्बा तामाङ, मान बहादुर तामाङ र न्हिमा नुर्पु स्याङ्बाको गरी ३ वटा घर पूर्णरुपमा क्षतीहुनुका साथै खाद्यान्न तथा लताकपडा सबै आगलागीबाट नष्ट भै ३ परिवारका २३ जना घरवार विहिन भएको अवस्थामा गाउँपालिकाबाट तिनै परिवारका २३ जना सदस्यहरुलाई तत्काल खाना वास तथा लत्ताकपडा व्यवस्थापन सहित तत्कालै जिन्सी राहत प्रदान गर्दा भएको खर्च रु. २,४४,५७६।– अनुमोदन गरी भुक्तानीका लागि गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भै आएकोले उक्त खर्च अनुमोदन गरी गाउँपालिकाको विपद्/प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने साथै पूर्वाञ्चल गन्धर्व साँस्कृतिक उत्थान समाजलाई अध्यक्ष विकास कार्यक्रमबाट रु. १५,०००।– आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा "घ" वर्गको निर्माण व्यवसाय ईजाजतको लागि पेश भएको तपशिलमा उल्लेखित कम्पनी तथा फर्महरुलाई कालिका गाउँपालिकाद्धारा जारी "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ बमोजिम ईजाजत प्रदान गर्न योग्य रहेको भनी मुल्याङ्कन तथा प्राविधिक समितिबाट सिफारिस भै आएकोले उक्त निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत-पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

१. कालिका कन्ट्रक्सन कम्पनी, विदुर-३, रसुवा ।

निर्णय नं. ८

कालिका गाउँपालिकाको नयाँ भवनमा चमेना गृह/क्यान्टिन नहुँदा कार्यरत कर्मचारीहरुलाई खाजा तथा चियाको लागि असहज हुनुका साथै कार्यालयको बैठक लगायत विभिन्न कार्यक्रमहरुमा खाजा तथा चिया व्यवस्थापन गर्न समेत कठिन भएकोले तत्कालै चमेना गृह/क्यान्टिन बनाउनपर्ने भएकोले गाउँपालिका कार्यालय भवनको कम्पाउण्ड परिसर भित्र वढिमा ५ लाख रकम खर्च हुने गरी आगामी गाउँ सभाबाट बजेट सुनिश्चित हुने गरी भुक्तानी हुने गरी ल.ई. तयार गरी चमेना गृह/क्यान्टिन निर्माण कार्य गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९

कालिका गाउँपालिका वडा नं. २ मा रहेको गाउँपालिकाको फोहरमैला संकलन तथा वर्गिकरण केन्द्र निर्माण भैरहदा वडा नं. २ वाहेक अन्य वडाहरुबाट फोहरमैला संकलन गरी ल्याउने कार्य रोकिएकोमा हाल फोहरमैला वर्गिकरण केन्द्रको निर्माण कार्य सम्पन्न भै चालु हुने अवस्थामा रहेकोले अबका मिति देखि गाउँपालिकाको वडा नं. १, ३ र ५ बाट समेत तपशिलको तालिका अनुसार नकुहिने फोहरमैला संकलन गरी वर्गिकरण केन्द्र सम्म ल्याउने र वर्गिकरण गर्ने गराउने व्यवस्थापन गर्नुका साथै गाउँपालिकाद्धारा निर्माण गरिएका सबै वडामा रहेका शिशा घरहरुको अवस्था अवलोकन गरी शिशा घरलाई समेत व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| वडा नं. | फोहरमैला संकलनका लागि पालिकाको गाडी जाने मिति र समय | कैफियत |
|---|---|---|
| १ | प्रत्येक महिनाको १ र १६ गते विहान ११ बजे ग्राङबाट सुरु हुने | तोकिएको दिन विदा परेमा कार्यालय खुलेको दिन |
| २ | प्रत्येक हप्ताको सोमबार विहान ११ बजे गाउँपालिका क्वाटर छेउबाट सुरु हुने | तोकिएको दिन विदा परेमा कार्यालय खुलेको दिन |
| ३ | प्रत्येक महिनाको २ र १७ गते विहान ११ बजे इटपारेबाट सुरु हुने | तोकिएको दिन विदा परेमा कार्यालय खुलेको दिन |
| ५ | प्रत्येक हप्ताको विहिबार विहान ११ बजे घलेगाउँबाट सुरु हुने | तोकिएको दिन विदा परेमा कार्यालय खुलेको दिन |

निर्णय नं. १०

कालिका गाउँपालिका वडा नं. ५ मा संघिय सरकारको सहयोगमा ठेक्का मार्फत निर्माण भैरहेको १५ शैयाको अस्पताल निर्माणका क्रममा केही निर्माण कार्यका वस्तुहरुमा परिवर्तन गर्नुपर्ने भएको भनि निर्माण व्यवसायीबाट भेरियसन अडरका लागि अनुरोध भै आएको सन्दर्भमा गाउँपालिकाको प्राविधिक शाखालाई एकिन जाँच गरी भेरियसन गर्नुपर्ने भएमा प्राविधिक प्रतिवेदन सहित खरिद इकाईबाट निर्णय गराई प्रमुख प्रशासकीय अधिकृतबाट सार्वजनिक खरिद ऐन/नियमावलीको अधिनमा रही भेरियसन अर्डर स्विकृतीका लागि गाउँ कार्यपालिकामा पेश गर्नुपर्ने भएमा भेरियसनको आवश्यकता र औचित्यताको आधारमा कुल ठेक्का अंक/कवुल अंकमामा फरक नहुने गरी तथा स्वार्थको द्वन्द सिर्जना नहुने गरी नियमानुसार कार्यपालिकाको तहबाट गर्नुपर्ने भेरियसन अर्डर गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

कालिका गाउँपालिका अन्तरगत तपशिलमा उल्लेखित सामुदायिक सार्वजनिक विद्यालयहरुमा विगत लामो समय कम्तिमा १५ वर्ष देखि अस्थायी/स्थायी/करार सेवाबाट विद्यालय सहयोगीको रुपमा कार्यरतरही उमेर हदका कारण अनिवार्य अवकाश भएका तपशिलमा उल्लेखित विद्यालय सहयोगीहरुलाई जनही रु.५०,०००।– नगद सहित यहि २०८१ पुस २५ गते हुने १६ औं गाउँसभाका अवसरमा सम्मान गर्ने र सो को लागि आवश्यक प्रवन्ध मिलाउन शिक्षा शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो

तपशिल

| क्र. सं. | सामुदायिक विद्यालयको नाम ठेगाना | विद्यालय सहयोगीको नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री निलकण्ठ नमूना मा.वि. कालिका-५ रसुवा | रण प्रसाद न्यौपाने | |
| २ | श्री सुन्धारा मा.वि. कालिका-३ रसुवा | खिल कुमारी प्याकुरेल | |
| ३ | श्री सेतीदेवी मा.वि. कालिका-४ रसुवा | टिकानाथ देवकोटा | |

निर्णय नं. १२

कालिका गाउँपालिका अन्तरगत वागमती प्रदेश सरकारको समपुरक अनुदान र विशेष अनुदानमा संचालित तपशिलमा उल्लेखित आयोजनाहरुको गुणस्तरीय कार्य सम्पन्न गरी २०८१ कार्तिक मसान्त सम्म भुक्तानी माग गर्न निर्माण व्यवसायीलाई मिति २०८१/०७/०७ गतेको कार्यपालिका बैठकबाट ताकेता गरिएको साथै २०८१/०८/०५ को निर्णयबाट समेत एक महिनाको पुन:ताकेता गर्ने र ताकेता गरेको समय सम्ममा पनि गुणस्तरीय कार्य सम्पन्न गरी भुक्तानीका लागि पेश नभएमा सार्वजनिक खरिद ऐन नियमावली अनुसार कारवाही प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिईएकोमा धैवुङ खानेपानी आयोजना क र ख को हकमा खानेपानी मिटर जडान कार्य गर्न प्रत्येक घरधुरीमा धाराको संरचना नभएकाले गर्दा कठिनाई भएको र धारा निर्माण गर्ने कार्यको लागि बजेट व्यवस्था नभएकाले धारोविना जडान गरिएको खानेपानी मिटरहरु समेत सुरक्षित र दिगो नहुनुका साथै टुटफुट भैरहेको, ठेक्का गर्दा खानेपानी उपभोक्ता समितिको सल्लाह अनुसार धारा निर्माण समुदायको सहभागितामा गराउने भनेकोले बजेट विनियोजन नभएको तर हाल आएर समुदाय धारा निर्माणका लागि आर्थिक सहयोग गर्न तयार नभएको, धारा निर्माण हुन नसक्दा सम्म खानेपानी मिटरको सुरक्षा हुन नसक्ने प्राविधिक प्रतिवेदन समेत प्राप्त हुन आएकाले धारा निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरी आगाडी बढ्नुपर्ने भएकाले यहि २०८१/०९/२५ गते हुने गाउँ सभामा धारा निर्माणका लागि आवश्यक बजेट सुनिश्चिता गरी धारा निर्माण गर्नुपर्ने र तत् पश्चात मात्र निर्माण व्यवसायीहरुलाई खानेपानी मिटर जडानको रकम भुक्तानी गरी आयोजना सम्पन्न तथा हस्तान्तरण गर्न सकिने भएकाले उक्त खानेपानी आयोजनाहरुको सम्पन्न आवधिको म्याद २०८१ फागुन मसान्त सम्म थप गर्न र

कालिका ५ को सडकको निर्माण व्यवसायीलाई नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क्र. सं. | सामुदायिक विद्यालयको नाम ठेगाना | विद्यालय सहयोगीको नाम | कैफियत |
|---|---|---|---|
| १ | जिवजिवे स्कुल देखि चालिसे फाँट हुँदै नौकुण्ड जाने कृषि सडक कालिका-५ | ईन्द्रावति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | |
| २ | धैवुङ खानेपानी आयोजना क कालिका-२ | U.R.D.Engineering Construction and Suppliers Pvt.Ltd. | |
| ३ | धैवुङ खानेपानी आयोजना ख कालिका-२ | Rasuwa Engineering and Builders Pvt.Ltd | |

निर्णय नं. १३

कालिका गाउँपालिका अन्तरगतको जिवजिवे ग्रामीण अस्पताल विकास समितिको मिति २०८१/०८/०५ गतेको बैठको निर्णय अनुमोदनका लागि पेश भएको सन्दर्भमा छलफल हुँदा निर्णय नं. ३, ४ र ५ लाई अनुमोदन गर्नुका साथै निर्णय नं. १ र २ को सन्दर्भमा आगामी बैठकमा थप छलफल गरी निर्णय गर्ने निर्णय गरियो ।